# तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## जफे, दोलखा

**परामर्श सेवा खरिद (लक्षित वर्गका लागि कम्प्युटर सीप विकास तालिम)**

## प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०७८/०१/२१**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) मा व्यवस्था भए बमोजिम यस आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिकाको मौजुदा सूचीमा दर्ता भएका व्यक्ति, फर्म, वा कम्पनीहरुबाट सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७२ बमोजिम **तामाकोशी गाउँपालिका अन्तर्गतका लक्षित वर्गका लागि कम्प्युटर सीप विकास तालिम** कार्यक्रम तपसिल बमोजिमको अधिकतम लागत हुनेगरी सञ्चालन गर्नुपर्ने भएकाले इजाजत प्राप्त व्यक्ति, फर्म, वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (१५ औँ दिन कार्यालय बिदा रहे त्यसको भोलिपल्ट) कम्पनी दर्ताको प्रमाणपत्र, भ्याट दर्ताको प्रमाणपत्र, आ व २०७६/७७ को करचुक्ताको प्रमाणित प्रतिलिपि सहित क्षेत्रगत कार्यसूची (Terms Of Reference) मा प्रस्ताव गरिए बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा आइपुग्ने गरि प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिन्छ। त्यसरी पेश हुने प्रस्तावहरु छुट्टाछुट्टै खाममा राखी दुबै खामलाइ पुनः एउटै खाममा राखी पेश गर्नु पर्नेछ। रितपुर्वक नभएका, शिलबन्दी नगरिएका तथा म्याद नाघी प्राप्त भएका प्रस्तावहरुलाइ प्रतिस्पर्धामा समावेश नगराइने व्यहोरा समेत जानकारी गराइन्छ। प्राविधिक प्रस्ताव सूचना प्रकाशित भएको मितिले १६ औँ दिन, दिनको ठिक २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर, प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन। प्रस्ताव सम्बन्धी विस्तृत जानकारी तथा क्षेत्रगत कार्यसूची (Terms Of Reference) यस गाउँपालिकाको कार्यालयबाट रु १०००।- (रु. एक हजार मात्र) भुक्तानी भएपश्चात प्राप्त गर्न सकिने छ।

**तपसिल**

| कामको विवरण | कार्यक्रम सञ्चालन गर्नुपर्ने स्थान | कुल लागत अनुमान (मू.अ.कर सहित) | कैफियत |
|---|---|---|---|
| लक्षित वर्गका लागि कम्प्युटर सीप विकास तालिम | तामाकोशी गाउँपालिकाका ७ वटै वडामा ४५ दिने तालिम सञ्चालन गर्नुपर्ने | २८,००,०००.०० | कार्यक्रम सबै वडामा यसै आ.व. भित्र सम्पन्न गरिसक्नु पर्नेछ। |

**थप जानकारी:** www.tamakoshimun.gov.np / **पवनराज फुयाल (९८५१२०५६८४)**

**प्रमुख प्रशासकीय अधिकृत**